# शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ५ मितिः २०८०/०४/१७

## भाग - २

स्वीकृत मितिः २०८०/०४/१७


# शंखरापुर नगरपालिकाको
# अस्थायी करार शिक्षक (सामुदायिक विद्यालय) व्यवस्थापन निर्देशिका २०८०

**प्रस्तावना :**

शंखरापुर नगरपालिकामा सञ्चालित सार्वजनिक विद्यालयहरुमा कार्यरत दरवन्दी स्थायी, अस्थायी करार, राहत करार एवम् अनुदान कोटामा रहेका माध्यमिक तथा आधारभूत तह शिक्षकहरुको अनिवार्य अवकाश, स्वैच्छिक अवकाश, राजीनामा भए वा गरे पश्चात रिक्त हुने तहगत र विषयगत शिक्षकहरुको स्थानमा तत्काल आपूर्ति गरि शिक्षण सिकाई सहजिकरण कार्यलाई निरन्तरता दिन आवश्यक रहेको र उक्त रिक्त भएको वा हुने पदहरुमा प्रत्येक विद्यालयवाट अलग अलग परीक्षा सञ्चालन गर्न पनि व्यवहारिक नहुने समेत कुरालाई ध्यानमा राखि शिक्षा ऐन २०७९ (शंखरापुर नगरपालिका) को दफा ६१ को उफा (२) मा भएको व्यवस्थाका आधारमा नगरस्तरमा एक शिक्षक वैंक एवम् योग्यताक्रममा आधारित अस्थायी करार शिक्षक नियुक्तिका लागि प्रतिक्षासूची प्रकाशन गर्न नगरस्तरमा परीक्षा सञ्चालन र व्यवस्थापनका लागि **"अस्थायी करार शिक्षक व्यवस्थापन निर्देशिका २०८०"** जारी गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) एवम् यस

नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को ४को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी शंखरापुर नगरपालिकाले यो निर्देशिका वनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम :</u>

क. यस निर्देशिकाको नाम **अस्थायी करार शिक्षक व्यवस्थापन निर्देशिका २०८०** रहेको छ ।

ख. यो निर्देशिका शंखरापुर नगरपालिका क्षेत्र भरका सामुदायिक विद्यालयमा लागू हुनेछ ।

ग. यो निर्देशिका शंखरापुर नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को नलागेमा यस निर्देशिकामा

क. **नगरपालिका** भन्नाले शंखरापुर नगरपालिका सम्झनु पर्छ ।

ख. **कार्यपालिका** भन्नाले शंखरापुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ग. **नगर शिक्षा समिति** भन्नाले शंखरापुर नगरपालिका नगर शिक्षा समिति सम्झनु पर्छ ।

घ. **शिक्षक वैङ्क व्यवस्थापन समिति** भन्नाले सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदमा अस्थायी करार शिक्षक नियुक्त गर्नका लागि योग्यताक्रममा आधारित प्रतिक्षा सूची प्रकाशनार्थ गठित शिक्षक वैङ्क व्यवस्थापन समिति सम्झनु पर्छ ।

ङ. **करार शिक्षक** भन्नाले यस नगरपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा तोकिएको मापदण्ड पुरा गरि नियुक्ति भएका अस्थायी करार शिक्षक सम्झनु पर्छ ।

च. **शिक्षा शाखा** भन्नाले शंखरापुर नगरपालिका , शिक्षा युवा तथा खेलकूद शाखा सम्झनु पर्छ ।

छ. **विज्ञ** भन्नाले सम्बन्धित विषयमा तोकिएको शैक्षिक योग्यता हासिल गरेको र न्यूनतम ३ वर्षको शिक्षण अनुभव प्राप्त गरेको तहगत रुपमा रोष्टरीङ वा सूचीकृत भएका विषय शिक्षक सम्जनु पर्छ ।

ज. **नेपाल शिक्षक महासंघ** भन्नाले नेपाल शिक्षक महासंघ शंखरापुर नगर समिति सम्झनु पर्छ ।

झ **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले शंखरापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयका प्रमुख सम्झनु पर्छ ।

ञ. **सार्वजनिक विद्यालय** भन्नाले शंखरापुर नगरपालिका क्षेत्रभित्र रहेका सरकारी अनुदान प्राप्त नेपाल सरकारवाट स्वीकृत वा अनुमति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्छ ।

ट. **प्रमुख शिक्षा अधिकृत** भन्नाले शंखरापुर नगरपालिका, शिक्षा युवा तथा खेलकूद शाखाका प्रमुख सम्झनु पर्छ ।

ठ. **शिक्षा अधिकृत** भन्नाले शंखरापुर नगरपालिका,शिक्षा युवा तथा खेलकूद शाखाका शाखा अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद २

## शिक्षक वैङ्क व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**३. शिक्षक वैङ्क व्यवस्थापन समिति :**

देहाय वमोजिमका पदाधिकारी सहितको एक शिक्षक वैङ्क व्यवस्थापन समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत ....... संयोजक

ख. प्रमुख शिक्षा अधिकृत ...... सदस्य

ग. नेपाल शिक्षक महासंघ अध्यक्ष वा प्रतिनिधि ..... सदस्य

घ. विव्यस अध्यक्ष (नगर शिक्षा समिति )प्रतिनिधि .... सदस्य

ङ . माध्यमिक तह विषय विज्ञ ..... सदस्य (आमन्त्रित, सम्बन्धित विषय)

च. आधारभूत तह विषय विज्ञ ..... सदस्य ( आमन्त्रित , सम्बन्धित विषय)

छ. शिक्षा अधिकृत .... सदस्य सचिव

उपदफा (ङ) र (च) अन्तर्गतका आमन्त्रित सदस्य परीक्षा लिईने तहगत मुख्य विषयको आधारमा विज्ञ यकिन गरिनेछ ।

**४. समितिको काम कर्तव्य र अधिकारः**

क. आ व २०८०।८१ रिक्त हुने शिक्षक पद यकिन गर्ने ।

ख. सूचना प्रकाशन गर्ने

ग. निवेदन एवम् दरखास्त संकलन गर्ने

घ . परीक्षा सञ्चालन र व्यवस्थापन कार्यतालिका तयार गर्ने

ङ. सिफारिश मापदण्ड निर्धारण गर्ने

च. उच्चतम प्राप्ताङ्कको आधारमा तहगत र विषयगत योग्यताक्रम सूची प्रकाशन गर्ने

छ. सम्बन्धित जिल्ला र नगरपालिकामा सूचीकृत तहगत र विषयगत विज्ञसूचीवाट विज्ञको व्यवस्थापन गर्ने ।

**५. <u>अस्थायी करार शिक्षक व्यवस्थापनका लागि योग्यताक्रम आधारमा प्रतिक्षा सुची प्रकाशन सम्बन्धि व्यवस्था:</u>**

विद्यालयगको माग वमोजिम अस्थायी करार नियुक्तिको लागि तहगत र विषयगतरुपमा योग्यताक्रमका आधारमा प्रतिक्षा सूची प्रकाशन गर्ने ।

**६. <u>अस्थायी करार शिक्षक नियुक्ति सम्बन्धि व्यवस्था:</u>**

क. शंखरापुर नगरपालिकाको सिफारिशमा शिक्षा विकास तथा समन्वय ईकाई काठमाडौवाट अस्थायी करार शिक्षक नियुक्तीको लागि अनुमति प्राप्त गरेका विद्यालयले अनुमति प्राप्त तह र विषय शिक्षकको लागि प्रतिक्षा सूची (योग्यताक्रम अनुसार) मा रहेका आवेदकसंग सम्पर्क गरी सम्बन्धित विद्यालयको शिक्षक छनोट समितिले रिक्त पदमा शिक्षक नियुक्त गर्ने ।

ख. उपदफा (क) अनुसार शंखरापुर नगरपालिकावाट जारी प्रतिक्षा सूची (योग्यताक्रम अनुसार) मा सूचीकृत आवेदकलाई नियुक्त गर्दाको समयमा शिक्षक सेवा आयोगवाट सूचीकृत (अस्थायी शिक्षकका लागि जारी योग्यताक्रम सूची) रहेका उम्मेदारलाई पहिलो प्राथमिकता दिई नियुक्त गर्ने ।

ग. सम्बन्धित विद्यालयले विद्यालयमा रिक्त भएको वा हुने तहगत र विषयगत शिक्षकको अनुमति प्राप्त गरे पश्चात नगरपालिका र शिक्षक सेवा आयोगवाट जारी प्रतिक्षा एवम योग्यताक्रम सूचीमा रहेका व्यक्ति स्वत : नियुक्तिको लागि योग्य हुने उल्लेख गरी सूचना सार्वजनिक रुपमा प्रकाशन गर्ने ।

## परिच्छेद ३

## <u>शैक्षिक योग्यता, अनुभव र अध्यापन अनुमति पत्र</u>

**७. <u>शैक्षिक योग्यता:</u>**

(१) आधारभूत तहका लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण भएको ।

(२) माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण भएको ।

(३) उपदफा (१) र (२) मा तोकिएको योग्यता भन्दा सम्बन्धित विषयमा एक तह माथिको शैक्षिक योग्यता हासिल गरेको ।

८. **अध्यापन अनुमति पत्र र तालिम** :

(१) सम्बन्धित तहको अध्यापन अनुमति पत्र लिएको ।

(२) सम्बन्धित तहका लागि न्यूनतम अवधिको तालिम प्राप्त गरेको ।

(३) शिक्षा शास्त्र वाहेकका विषयको हकमा तालिम प्राप्त नभएता पनि अध्यापन अनुमति पत्र लिएको मितिले ५ वर्ष अवधि ननाघेको वा अस्थायी अध्यापन अनुमति पत्रको म्याद समाप्त नभएको ।

९. **अनुभव :**

(१) सम्बन्धित तहमा अस्थायी वा करार शिक्षकको रुपमा कार्य गरेको ।

## परिच्छेद ४

## परीक्षा र मुल्याङ्कनका आधार

१०. **परीक्षाः**

क. लिखित परीक्षा १०० पूर्णाङ्क मध्ये १०० अङ्क वस्तुगत र १०० अङ्कको विषयगत हुनेछ ।

ख. अर्न्तवार्ता परीक्षा २५ अङ्क मध्ये १५ अङ्क अर्न्तवार्ता र १० अङ्क योग्यता वरावर हुनेछ ।

ग. लिखित परीक्षामा वस्तुगत परीक्षाको उत्तीर्णाङ ५० प्रतिशत र विषयगत परीक्षाको ४० प्रतिशत हुनेछ ।

घ. अर्न्तवार्ताका लागि न्यूनतम ३५ प्रतिशत र अधिकतम ७० प्रतिशत वीच अङ्क प्रदान गकिनेछ ।

११. **मुल्याङ्कनको आधारः**

क. न्यूनतम शैक्षिक योग्यता ५ अङक ( प्रथम श्रेणी ५, दोस्रो श्रेणी ३ र तेस्रो श्रेणी भए २ दिईनेछ )

ख. माथिल्लो शैक्षिक योग्यता ३ अङ्क (प्रथम श्रेणी ३, दोस्रो श्रेणी २ र तेस्रो श्रेणी भए १ अङ्क दिईनेछ)

ग. शिक्षण अनुभव वापत २ अङ्क ( प्रति १ वर्ष १ अङ्क , ६ महिनाको लागि दशमलव पाँच दिईनेछ)

## परिच्छेद ५

## सेवा सुविधा, सेवा अवधि र विदा सहुलियत

१२. **सेवा सुविधा:**

अस्थायी करार शिक्षकको सेवा सुविधाको हकमा नेपाल सरकारले तोके वमोजिम हुनेछ ।

१३. **सेवा अवधि :** सम्बन्धित विद्यालयले न्यूनतम सेवा अवधि ६ महिना राखि अस्थायी करार नियुक्त गर्न सक्नेछ । यद्यपि दरवन्दी तर्फ स्थायी पदपूर्ति भए स्वत : सेवा करार समाप्त हुनेछ । राहत र अनुदान कोटामा कार्यरत करार शिक्षकको हकमा पहिलो ६ महिना तत्पश्चात विव्यसले म्याद थप गरी पुन : करार गर्न सक्नेछ । यद्यपि प्रदेश र संघ सरकारवाट प्राप्त अनुदान कोटाको निरन्तरता नभएमा उक्त अनुदान कोटामा नियुक्त करार शिक्षकको सेवा अवधि स्वत : समाप्त हुनेछ र सोको जानकारी सम्बन्धित विद्यालय प्रशासनले निज शिक्षकलाई अनिवार्यरुपमा गराउनु पर्नेछ ।

१४. **विदा सहुलियत :** सार्वजनिक विदाका दिन , स्थानीय विदा र प्रति महिना प्रति एक दिन विरामी विदा उपलब्ध हुनेछ । यद्यपि करार शिक्षकको विरामी विदा आर्थिक सुविधा प्रयोजनका लागि सञ्चित हुने छैन ।

## परिच्छेद ६

## उद्देश्य

१५. **उद्देश्य** :

क. आधारभूत एवम् माध्यमिक तहमा अस्थायी करार शिक्षक आपूर्तिका लागि शिक्षक वैंक तयार गर्नु ।

ख. योग्यता प्रणालीमा ईच्छुक एवम संभावित शिक्षकहरुको सूचीकृत गर्नु ।

ग. सामुदायिक विद्यालयको रिक्त स्थान विद्यालयको माग वमोजिम तत्काल तहगत र विषयगत अस्थायी करार शिक्षक आपूर्ति गर्नु ।

घ. प्रत्येक विद्यालयमा हुने शिक्षक छनोट परीक्षा सञ्चालन खर्च कटौती गर्नु ।

ङ. अस्थायी करार शिक्षक छनोट कार्यमा पारदर्शिता र संस्थागत पद्धतिको विकास गर्नु ।

## परिच्छेद ७

## योग्यता एवम् शर्त

१६. **न्यूनतम शर्त एवम् योग्यता:** देहाय वमोझिमको विवरण पेश भएको व्यक्ति मात्र करार शिक्षकको उम्मेदवार हुन सक्नेछ ।

क. नेपाली नागरिक पेश गरेको

ख. आधारभूत तहका लागि १८ वर्ष र माध्यमिक तहका लागि २१ वर्ष उमेर पुरा गरेको र ४० वर्ष ननाघेको

ग. प्रचलित कानून द्धारा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत कसुरदार नठहरिएको

घ . मगज नविग्रिएको

ङ. भविष्यमा सरकारी सेवा वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवावाट वर्खास्त नगरिएको

च. अनुसूची १ वमोजिम निवेदन पेश गरेको

छ. निवेदनसंगै परीक्षा आवेदन दस्तुर रु ५०० (आधारभूत तह) र रु १००० (माध्यमिक तह) को उम्मेदार दस्तुर पेश गरेको ।

## परिच्छेद ८

## विविध

१७. **बालकक्षा शिक्षक तथा विद्यालय कर्मचारी नियक्ति सम्बन्धी व्यवस्था :** सामुदायिक विद्यालयमा रिक्त भएको वा हुने बालकक्षा शिक्षक र कर्मचारीको नियुक्ति गर्न सम्बन्धित विद्यालयको विव्यसवाट निर्णय एवम् स्वीकृत गरेको मापदण्ड वा विनियमका आधारमा गर्न वाधा पर्ने छैन ।

१८. **विविध:**

क. यस अस्थायी करार शिक्षक व्यवस्थापन निर्देशिका २०८० मा उल्लेख नभएका विषयहरु प्रचलित कानूनवमोजिम हुनेछ । यस निर्देशिका अन्य प्रचलित कानूनसंग बाझिन आएमा बाझिएको हदसम्म बदर हुनेछ ।

ख. यो निर्देशिका कार्यान्वयनमा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिका वा नगरपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

ग. यो निर्देशिका नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

## दरखास्त फारामको नमुना

उम्मेदवारको नाम,थर:

स्थायी ठेगाना :

अस्थायी ठेगाना:

उमेर :

लिङग :

तह र श्रेणी :

विषय :

न्युनतम शैक्षिक योग्यता :

माथिल्लो तहको शैक्षिक योग्यता

तालिम :

अनुभव :

नागरिकता प्रमाण पत्र नम्बर र जारी गरेको मिति:

सम्पर्क नम्बर:

इमेल ठेगाना:

शिक्षण अनुभव:

फोटो

..............................

उम्मेदबारको दस्तखत

**<u>संलग्न कागजातहरु:</u>**

१.

२.

३.

**आज्ञाले,**

**बासुदेव खनाल**

**शंखरापुर नगरपालिकाको**

**प्रमुख प्रशासकीय अधिकृत**